# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/२० गते

# प्रेस विज्ञप्ति

## विषयः प्रदेश नं ४ मा सुशासन प्रवर्द्धन सम्वन्धी गोष्ठी सम्पन्न

---

जनताको ढोकामा सेवा पुऱ्याउनुमा नै स्थानीय सरकारको सार्थकताः कार्यवाहक प्रमुख आयुक्त

स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका" विषयक एक दिवसीय गोष्ठी वैशाख १९ र २० गते गरी पोखरामा सम्पन्न भएको छ।

चार नं. प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रशासकीय प्रमुखहरुको सहभागिता रहेको गोष्ठी समापनका अवसरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कार्यवाहक प्रमुख आयुक्त नवीनकुमार घिमिरेले जनताको ढोकामा सेवा पुऱ्याउन सक्नुमा नै स्थानीय सरकारको सार्थकता रहने बताउनुभयो। कार्यवाहक प्रमुख आयुक्त घिमिरेले नियतिले होइन नीतिले, प्रवृत्तिले होइन पद्धतिबाट निर्देशित भएर काम गर्न सबैलाई आग्रह गर्दै जनप्रतिनिधिहरु विधि र पद्धति अनुरुप चल्नु पर्दछ भन्नुभयो।

समाजका सबै तह र निकायमा हुने भ्रष्टाचार नियन्त्रणका लागि सबैले सहयोग गर्नुपर्ने बताउदैं कार्यवाहक प्रमुख आयुक्त घिमिरेले यसका लागि सहकार्य गर्न आयोग तयार रहेको बताउनुभयो। कार्यवाहक प्रमुख आयुक्त घिमिरेले स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूको कामबाट आमनागरिकले सुशासनको खोजी गर्ने भएकाले स्थानीय तहदेखि नै भ्रष्टाचारजन्य गतिविधिलाई दुरुत्साहन गरी सदाचार संस्कृतिको विकासलाई प्रोत्साहन गर्न आवश्यक छ भन्नुभयो।

कार्यवाहक प्रमुख आयुक्त घिमिरेले यतिबेला स्थानीय सरकार सङ्क्रमणकालको स्थितिमा रहेको भएपनि यो समय खराव कामको उन्मुक्तिको लागि नभएको बताउदै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने विषयमा आयोगले सजगता र सतर्कतापूर्वक हेरिरहेको छ भन्नुभयो।

उहाँले स्थानीय तहका प्रशासकीय अधिकृतहरुलाई सजग र सतर्क भएर कामगर्न समेत निर्देशन दिनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि रहनुभएका कार्यवाहक प्रमुख आयुक्त घिमिरेले मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न आयोगले संस्थागत तथा कानुनी सुधारको कार्यलाई अगाडि बढाएको उल्लेख गर्दै सुशासन प्रवर्द्धनकालागि नेपाल सरकारलाई समेत सुझाव प्रदान गर्दै आएको जानकारी दिनुभयो।

निर्वाचन प्रणाली खर्चिलो भएकाकारण पनि मुलुकमा बेथिति बढेको तर्फ संकेत गर्दै कार्यवाहक प्रमुख आयुक्त घिमिरेले यसमा सुधार ल्याउन जनप्रतिनिधिहरुको तहमा समेत आवश्यक बहस चलाउन जरुरी छ भन्नुभयो। कार्यवाहक प्रमुख आयुक्त घिमिरेले यस प्रणालीमा सुधार ल्याउन सकेमा समाजमा रहेको बढ्दो बेथिति रोकिने बताउनुभयो ।

चार नं. प्रदेशको कास्की, लमजुङ, तनहुँ, गोरखा र स्याङ्जाका स्थानीय जनप्रतिनिधहरुका लागि पहिलो दिन र बाँकी जिल्लाका लागि दोस्रो दिन आयोजना गरिएको गोष्ठीको अध्यक्षता आयोगका आयुक्त डा. गणेशराज जोशीले गर्नुभएको थियो। सो अवसरमा आयुक्त डा. गणेशराज जोशीले भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने उद्धेश्यले कार्यक्रमको आयोजना गरेको बताउनुभयो।

आयुक्त जोशीले स्थानीय सरकारले जनताप्रति जवाफदेही बनेर आफूसँग भएको क्षमतालाई प्रयोग गरी सुशासन कायमगर्ने विषयमा जनप्रतिनिधिहरु एकआपसमा प्रतिस्पर्धा गर्नसक्ने हुनुपर्दछ भन्नुभयो। कार्यक्रमका सहभागीहरुलाई आयोगका कर्मचारीले गरेका कामकाबारेमा समेत पृष्ठपोषण प्रदान गर्न आग्रह गर्दै उहाँले योजना, कार्यविधि, समूह र सञ्जाल निर्माण गरी कार्य गरेमा सुशासन कायम गर्नमा सफलता प्राप्तहुने विश्वास समेत व्यक्त गर्नुभयो।

गोष्ठीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव महेश्वर न्यौपाने, सहसचिवद्वय कालीप्रसाद पराजुली र काशीराज दाहाल तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव दिनेशकुमार थपलियाले भ्रष्टाचार नियन्त्रण र सुशासन सम्वन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। गोष्ठीमा प्रदेश नं. ४ का प्रमुख सचिव लक्ष्मण अर्याल, पोखरा महानगरपालिकाका प्रमुख मानवहादुर जी.सी लगायतका जनप्रतिनिधिहरुले भ्रष्टाचार नियन्त्रण र सुशासन कायमगर्ने विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा सम्पन्न गोष्ठीमा यस प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुख, उपप्रमुख तथा प्रशासकीय प्रमुखहरु गरी २५५ जनाको सहभागिता रहेको थियो। दुबै दिनको कार्यक्रममा कार्यपत्र प्रस्तुतीपछि विभिन्न समूह बनाएर समूहगत रुपमा सुझाव प्रस्तुत गर्न लगाइएको थियो। समूहगत र खुला छलफलमा उठेका विषयबस्तुका बारेमा कार्यपत्र प्रस्तोताहरुले जवाफ दिनुभएको थियो।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायमगर्ने विभिन्न किसिमका प्रवर्द्धनात्मक रणनीति अनुरुप आयोगको अगुवाइमा देशका सातै प्रदेशमा यस किसिमको अन्तरक्रिया गोष्ठी सञ्चालन हुन थालेको हो। गोष्ठी प्रदेशन नं. १ को विराटनगर र प्रदेश नं. २ को वीरगञ्ज र जनकपुर तथा प्रदेश नं. ३ को काठमाडौंमा सम्पन्न भइसकेको छ। यस किसिमको गोष्ठी पाँच नं. प्रदेश अन्तर्गत बुटवल र नेपालगञ्जमा वैशाख २६ र २८ गते ६ नं. प्रदेशको सुर्खेतमा आगामी जेठ १० र ११ गते तथा सात नं प्रदेशको धनगढीमा जेठ १३ र १४ गते सञ्चालन हुदैंछ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता